annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २१४, पृष्ठ १० | काठमाडौं, बिहीबार २५ मंसिर २०८२ | पौष कृष्णपक्ष सप्तमी, नेपाल संवत् ११४६ | THURSDAY, DECEMBER 11, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# लहडमा दल खोल्छन्, तर, चुनावदेखि डराएर भाग्छन्



निर्वाचन आयोगमा दल दर्तालगायत कामले आएका राजनीतिक दलका नेताहरू। ● राजकरण महतो

निर्वाचन आयोगमा नेताहरूले दल दर्ता गराउँछन् तर, निर्वाचनमा आफूलाई परीक्षण नगरी बीच बाटोबाटै कुलेलाम ठोक्छन्। यसको मुख्य कारण हो दल खोलेर राजनीतिक भेषमा व्यापार गर्नु। जब कि 'देश र जनताको सेवा गर्छु' भनेर नेताहरूले दल खोलेको झ्याली पिटाउँछन्। तर, सबै दलको हकमा यस्तो लागू नभएको सामाजिक तथा राजनीतिक विश्लेषकहरू बताउँछन्।

समाचार पृष्ठ २

राजकरण महतो | *काठमाडौं*

– को रिपोर्ट

## जेन-जी प्रतिनिधि र सरकारबीच सम्झौता

**अन्नपूर्ण** | *काठमाडौं*

जेन-जी आन्दोलनको ३ महिनापछि जेन-जी प्रतिनिधि र सरकारबीच सम्झौता भएको छ। गत भदौ २३ गते जेन-जी आन्दोलन भएको थियो भने त्यसैको जगमा २४ गते ठूलो विध्वंश भएको थियो। सरकारले भने २३ र २४ गते दुवै दिन भएका घटनालाई आन्दोलनको स्वामित्व दिँदै जेन-जी प्रतिनिधिसँग सम्झौता गरेको छ।

प्रधानमन्त्री सुशीला कार्की र जेन-जी प्रतिनिधिका तर्फबाट भोजविक्रम थापालगायतले हस्ताक्षर गरेका छन्। भदौ २३ र २४ गते भएको घटनामा ७६ जनाको ज्यान गएको थियो भने खर्बौंको सम्पत्ति क्षति भएको थियो।

ऐतिहासिक धरोहर सिंहदरबार, सर्वोच्च अदालत, बालुवाटार, शीतल निवास, संसद् भवनलगायत व्यवसायी प्रतिष्ठान, निजी व्यक्ति सम्पत्तिमाथि आगजनी, लुटपाट र तोडफोड भएको थियो। त्यो आन्दोलनले केपी शर्मा ओली नेतृत्वको दुईतिहाइ कांग्रेससहितको गठनबन्धनको सरकार अपदस्थ भएको थियो। सुशीला कार्की नेतृत्वको गैरदलीय सरकार बनेको छ। यो आन्दोलनको बलमा प्रतिनिधिसभा विघटन भएर फागुन २१ गतेका लागि निर्वाचन घोषणा गरिएको छ।

» बाँकी पृष्ठ ६

## ओली नउठे आफू पनि नउठ्ने पोखरेलको उद्घोष

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

अबको दुई दिनपछि एमाले ११ औं महाधिवशेन हुँदैछ। महाधिवेशनमा वर्तमान अध्यक्ष केपी शर्मा आलीसँग वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले भिन्न मतसहित प्रतिस्पर्धामा उत्रने घोषणा गरेका छन्। तर, ओलीले आफू नउठेर अरूलाई जोसुकैलाई प्रस्तुत गरे पनि आफूले मान्ने पोखरेलले बताएका छन्। पोखरेल नेतृत्व हस्तान्तरणको पक्षमा देखिएको छ।

'उहाँ (ओली)ले अभिभावकत्व ग्रहण गरेर जोसुकैलाई घोषणा गरे पनि मान्छौं तर अन्य अवस्थामा भने प्रतिपर्स्धा हुन्छ,' पोखरेलले भने। पोखरेल अध्यक्ष ओलीप्रति नरम रूपमा प्रस्तुत हुँदै आएका छन्। यो विषयमा उनकै समूहमा त्यति पाच्य भने मानिएको छैन्। आफ्नो समूहका एजेन्डा प्रस्तुत गर्न सम्पादकसँग भएको छलफलमा पनि ईश्वर पोखरेल ओलीप्रति नरम रूपमा प्रस्तुत भएको टिप्पणी गरिएको थियो। उनले शालिनतापूर्वक ओली भिन्न मत राखेका थिए।

पोखरेलले आफ्नो उम्मेदवार यो कुनै 'झ्वाँक-झ्वाँक' निर्णय नभएको बताएका छन्। 'झ्याँक झ्याँक गरिएको विषय होइन, पार्टी



बैठकमा औपचारिक जानकारी गराइएको छ। अध्यक्षलाई नै जानकारी गराए केन्द्रीय कार्यालयमा दर्ता गरिएको छ। उनले भने, 'यो अस्वाभाविक होइन,' उनले 'प्यानल' बारे छलफलमै रहेको बताएका छन्। पोखरेलले पार्टी र आन्दोलनको हितलाई केन्द्रमा राखेर आफूहरू अघि बढ्ने बताए।

उनले माधव नेपाल र भीम रावलको दृष्टान्त आफ्नो हकमा लागू नहुने स्पष्ट पारे। 'प्रतिस्पर्धामा गरिन्छ भने त्यसको परिणामलाई स्विकारिन्छ। जित्दा मात्रै खुसी होइन, जित्न नसक्दा पनि त्यसलाई स्वीकार गर्न सक्नुपर्छ,' उनले भने, 'भीम रावल र माधव नेपालजीको जस्तो दृष्टान्त हाम्रो हकमा लागू हुँदैन। हामी प्रतिस्पर्धा गर्छौं, यदि हामी विजयी नभए पनि एमालेको पक्षमा, एमाले भएर रहिरहन्छौं।'

उनले वाम एकताको पक्षमा आफूहरू रहेको भन्दै पार्टी छाडेर जाने कुरा आफूहरूले नसोचेको बताए। उनले पार्टीभित्र विचारगत छलफल हुँदा बाहिर नआउने परिपाटी तोडेर एजेन्डा खुला गर्नुपर्ने बताए।

'हाम्रो पार्टीमा विचारबारे विवाद छैन। तर, कार्यसम्पादन शैलीमा त्रुटि हुँदा समस्या आयो। असल विचार रुटमा पुग्न सकेन, व्यवहारमा लागू गर्न कमजोरी भयो, उनले भने, 'गल्तीप्रति रियलाइजेसन नहुँदा जनतासँग दूरी बढ्या जनतामा पुग्ने खाल कुरा कमजोर कमजोर हुँदै गए।' उनले सामूहिक नेतृत्व सुदृढ नगरे कम्युनिस्ट पार्टी नचल्ने पनि बताए।

एमाले वरिष्ठ उपाध्यक्ष पोखरेलले पार्टी अध्यक्ष केपी ओली भदौ २३ र २४ को घटनाबारे छानबिन गर्न गठित आयोगमा बयान दिन जानुपर्ने बताएका छन्। पोखरेलले आयोगमाथि प्रश्न उठाए पनि बोलाएको बेलामा अध्यक्ष केपी ओली बयानका लागि जानुपर्ने बताएका छन्।


» बाँकी पृष्ठ ६

## अमेरिकामा ८५ हजार भिसा रद्द

**वासिङ्टन डीसी** (अन्नपूर्ण) : अमेरिकी विदेश विभागले कडा आप्रवासन नियमन लागू गर्दै सन् २०२५ जनवरीदेखि ८५ हजार भिसा रद्द गरेको घोषणा गरेको छ। सामाजिक सञ्जाल 'एक्स' मार्फत गरिएको घोषणामा राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले आप्रवासन नीतिमा निरन्तर कडाइ गरेको र 'अमेरिकालाई फेरि सुरक्षित बनाऔं' भन्ने नारालाई प्राथमिकतामा राखिएको उल्लेख छ।

भिसा रद्द गर्नुको पछाडि अपराध नियन्त्रण तथा सीमा सुरक्षालाई नै प्रमुख कारणका रूपमा प्रस्तुत गरिएको छ। विभागका एक वरिष्ठ अधिकारीका अनुसार रद्द गरिएका भिसामध्ये ८ हजारभन्दा बढी विद्यार्थीको भिसा समावेश छन्। असुरक्षित गाडी चलाउनु, चोरी, आक्रमणलगायत विभिन्न कानुन उल्लंघनका आधारमा धेरै भिसा रद्द गरिएको सीएनएनलाई उद्धृत गर्दै बताइएको छ।

यसअघि पनि अमेरिकी विदेश विभागले भिसाको अवधि सकिनु, आतंकवादसँग सम्बन्धित समर्थन, अवैध क्रियाकलाप तथा राष्ट्रिय सुरक्षामा खतरा मानिएका गतिविधिहरूमा संलग्न भएको आशंकामा भिसा रद्द गर्ने अभ्यास गर्दै आएको छ।





## मोरिससससँग दोहोरो कर नलगाउने २६ वर्षअघिको सम्झौता खारेज

**ममता थापा** | *काठमाडौं*

सरकारले गणतन्त्र मोरिसस सरकारसँग २६ वर्षअघि गरेको दोहोरो कर नलगाउने सम्झौता (डीटीएए) खारेज गरेको छ। नेपाल-मोरिससबीच सन् १९९९ अगस्ट ३ मा द्वीपक्षीय कर नलगाउने सम्झौता भएको थियो। नेपालमा हालसम्म ११ वटा देशसँग यस्तो खालको सम्झौता भएका छन्। यसमध्ये ८ वटा देशसँग आयकर ऐन, २०५८ लागू हुनुअघि सम्झौता भएकाले घरेलु (आयकर) ऐनमा टेकेरभन्दा पनि दुई देशबीच भएको डीटीएए सम्झौताअनुसार पुँजीगत लाभकर फिर्ता लैजाँदा छुट पाइरहेका थिए।

मोरिससको खारेजी गर्नुअघि विभागले गत कात्तिक २६ गते ७ देश (नर्वे, थाइल्यान्ड, श्रीलंका, अस्ट्रिया, पाकिस्तान, चीन र दक्षिण कोरिय) लाई पनि पुरानो सम्झौता खारेजको जानकारी दिइसकेको छ। उक्त ८ देशबाहेकका पछि थपिएका ३ देशको सम्झौता भने आयकर ऐनअनुसार भएकाले विवादित छैन।



नेपालमा आयकर ऐन-२०५८ आएको दुई दशक बढी हुँदा पनि प्रत्यक्ष वैदेशिक लगानीको सवालमा उक्त ८ देशहरूमा भएको पुरानो सम्झौताका कारण हालसम्म छुट दिनुपर्ने बाध्यता थियो। किनभने यसबीच कुनै पनि सरकारी अधिकारीले उक्त मुलुकसँग आयकर ऐनबारे जानकारी नदिएको र पुरानो सम्झौतालाई घरेलु ऐनअनुसार पुनः सम्झौता नगरेकाले अन्योलताको स्थिति रहँदै आएको आन्तरिक राजस्व विभागका प्रतिनिधिहरू बताउँछन्।

जबकि पछिल्लो समय मोरिससससँगको डीटीएएअन्तर्गत 'डोल्मा इम्प्याक्ट फन्डको केस' मा नेपाल सरकारले गरेको सम्झौताको प्रतिबद्धता पूरा नगरेको गुनासो आएपछि सो निर्णयलाई कार्यान्वयन गरिएको र त्यसबाट एफडीआई ल्याउने लगानीकर्तालाई विश्वास दिलाउन सुरु गरिएको विभागका महानिर्देशक मदन दहालले जानकारी दिए। अब मोरिससको लगानीलाई आगामी साउन १ पनि पुँजीगत लाभकरमा दोहोरो करको छुट नदिइने र पुरानो सम्झौता खारेज वा नेपालको घरेलु ऐनअनुसार पुनःसम्झौता गर्न सकिने छ।

यसै क्रममा विभागका महानिर्देशक दहाल भन्छन्, 'मोरिससससँगको सम्झौता खारेज भएपछि अब त्यहाँबाट आउने रकम (लगानी)ले कर छुट पाउने छैन। यस विषयलाई केही स्वार्थ समूहहरूले रोक्न खोजेका कारणले नै विवादित बनाइएको थियो। यसको खारेजी भएसँगै अब नयाँ सम्झौताहरू भएमा नेपालको हितअनुसार हुने छ अर्थात् अबको पीपीए (सम्झौता) घरेलु ऐनअनुसार हुनेछ।' यस्तो सम्झौता खारेजीको निर्णय साउन १ गतेदेखि लागू गरिनुको कारण पुरानो सम्झौता रद्द गर्नुपूर्व एक वर्ष अगाडि नै जानकारी दिनुपर्ने भन्ने व्यवस्था रहेकाले यो निर्णय अर्को आर्थिक वर्षदेखि लागू हुने उनले प्रष्ट्याए।

» बाँकी पृष्ठ ६